मल्लरानी गाउँपालिका
Mallarani Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
खलंगा, प्युठान, लुम्बिनी प्रदेश, नेपाल
Khalanga, Pyuthan, Lumbini Province, Nepal

Phone/Fax: 086420180
Email: ito.mallaranimun@gmail.com
info@mallaranimun.gov.np
Website: www.mallaranimun.gov.np

प.सं.२०८१/०८२
च.नः

# कोठा (सटर) भाडामा दिने सम्बन्धी सूचना

## (प्रथम पटक प्रकाशित मिति २०८१।०९।२९)

मिति २०८१/०९/१४ गतेको गाउँकार्यपालिकाको निर्णय बमोजिम मल्लरानी गाउँपालिका वडा नं. ४ को स्वामित्वमा रहेको प्यूठान जिल्ला मल्लरानी गाउँपालिका वडा नं. ४, खलंगा स्थित वडा कार्यालय भवनको पहिलो तल्लामा खाली रहेको २ (दुई) वटा सटर भाडामा लिन इच्छुक ब्यक्ति/संघ संस्था/फर्म/ व्यवसायीले आफुले भाडामा लिन चाहेको ब्यहोरा खुलाई न्यूनतम कबोल अंक सहित शिलबन्दी गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा उल्लेखित प्रकृया पुरा गरी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**कोठा (सटर) भाडा सम्वन्धी मुख्य शर्तहरुः**

१.कोठा (सटर) भाडामा लिए पश्चातको प्रयोजन, भाडामा लिन चाहेको भाडा दर अंक र अक्षरमा खुलाई निवेदन सहित आर्थिक प्रस्ताव पेश गर्नुपर्ने छ।

२.बिजुली उपयोगमा सवमिटर राखी तोकेको दरमा बिद्युत सुविधा उपलब्ध गराइने छ । सो को दर कार्यविधिमा तोके बमोजिम आपसी सहमतीमा तय हुने छ ।

३.भाडामा बस्नेले आफ्नो सम्पती र सरसामानको बीमा आफै गर्नुपर्नेछ ।

४.प्रत्येक २/२ बर्षमा १० प्रतिशतका दरले कोठा भाडा रकम बृद्धि हुने छ ।

५.कोठा भाडा लिए पछि एउटाले लिएको कोठा अर्कोलाई दिन पाइने छैन ।

६.घर भाडामा दिने नदिने अधिकार मल्लरानी गाउँपालिका सँग सुरक्षित रहनेछ ।

७.न्यूनतम कबोल अंक प्रति सटर रु. ५०००।— (अक्षरुपी पाँच हजार) हुनुपर्ने छ।

**घर भाडामा लिन दरखास्त दिदा पेश गर्नुपर्ने कागजातहरु**

१.व्यक्ति/फर्म/संस्था को नाम, ठेगाना खुल्ने प्रमाण पत्र ।

२.फर्म/संस्थाको हकमा स्थायी लेखा नंम्वर, कर चुक्ता पेश गर्नुपर्ने छ।

३.राजश्व दस्तुर रु. ५००। तिरेको रसिद संलग्न राखि निवेदन पेश गर्नुपर्नेछ ।

२०८१।९।२९

गिर बहादुर सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत